आज मिति २०७९ साल मंसिर २३ गते शुक्रबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को १२ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य- सुनिता

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य- समतोलि २

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री मचिन्द्र कुमार थलङ (लिम्बु) - प्रशासन अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।
३. जग्गा लिजमा लिने सम्बन्धमा ।
४. धार्मिक तथा सांस्कृतिक कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा ।
५. जे.सि.बि.को दररेट निर्धारण सम्बन्धमा ।
६. कार्यविधि अनुमोदन सम्बन्धमा ।
७. विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
८. हाटबजारको जग्गा खालि गराउने सम्बन्धमा ।
९. आर्थिक सहयोग सम्बन्धमा ।
१०. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०८/१९ गते बसेको आ.व. २०७९/०८० को ११ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा विद्यालय व्यवस्थापन गठन नभएको कारणले विद्यालयका शैक्षिक तथा प्रशासनिक कृयाकलापमा समस्या भएको भन्ने गुनासोहरु भईरहेको तथा विद्यालयहरु सँग सम्पर्क गर्दा विद्यालयमा भर्ना भई अनुपस्थित रहने विद्यार्थीका अभिभावकको कारणले विद्यालय व्यवस्थापन समिति गठनमा समस्या भएको भन्ने जानकारी प्राप्त भएकोले गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुले पछिल्लो ६ महिनामा विद्यार्थीको विद्यालयमा भएको उपस्थितीलाई आधार मान्दै पछिल्लो ६ महिनाको अवधिमा विद्यालय खुलेको दिनलाई १०० प्रतिशत मानि न्यूनतम ४० प्रतिशत बराबर दिन उपस्थित भएका विद्यार्थीका अभिभावकहरुलाई तथा ३ (तीन) वर्ष भन्दा बढी उमेरका बालविकासमा भर्ना भएका बालबालिकाहरुका अभिभावकहरुलाई मात्र विद्यालय व्यवस्थापन समिति गठन प्रकृयामा सहभागिता जनाउन पाउने व्यवस्था सर्वसम्बत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.३ मा अवस्थित कृषि उपज बजारले चर्चेको नेपाल सरकारको नाममा दर्ता कायम रहेको कप्तानगञ्ज-४, कि.नं.८१ नापी कार्यालय इनरुवाको प्रतिवेदन अनुसार क्षेत्रफल ४-१२-१३ को जग्गा कृषि उपज बजार वडा नं.३, कप्तानगञ्ज (नयाँ हाट) लाई लिजमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्बत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमका धार्मिक तथा सांस्कृतिक कार्यक्रममा उपर्युक्त शिर्षकबाट भुक्तानी हुनेगरी बजेट विनियोजन गर्ने सर्वसम्बत निर्णय गरियो ।

तपसिल :

क) कुस्ती प्रतियोगिता कार्यक्रम, देवानगञ्ज-२ - रु. २,५०,०००/-

ख) काली पूजा व्यवस्थापन, देवानगञ्ज-३ - रु. २,५०,०००/-

ग) कार्तिक पूर्णीमा पूजा व्यवस्थापन, देवानगञ्ज-७ - रु. २,००,०००/-

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र निर्माण कार्य गर्दा संचालन गरिने जे.सि.बि. को दररेट प्रति घण्टा रु.२,७००/- (अक्षरेपी दुई हजार सात सय रुपया मात्र) भ्याट सहित निर्धारण गर्ने सर्वसम्बत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरु अनुमोदन गर्ने सर्वसम्बत निर्णय गरियो ।

तपसिल :

क) 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा तपसिल बमोजिमका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने सर्वसम्बत निर्णय गरियो ।

तपसिलः

क) गा.पा. भवन देखि कर्णधार सम्म पक्की नाला निर्माण आयोजना ।

ख) कृष्ण मा.वि. खेलमैदानमा रङ्गशाला निर्माण आयोजना ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ स्थित देवानगञ्ज हाटबजारको साविक देवानगञ्ज गा.वि.स. वडा नं.२, कि.नं.७, ८, ११, १२, २३, २५,

२६, २७, २८ र कि.नं.१०४ का जग्गाहरु विभिन्न व्यक्तिहरुले अतिक्रमण गरि प्रयोग गरिरहेको हुँदा उक्त जग्गाहरु खालि गराउन ३५ दिने सार्वजनिक सुचना जारी गर्ने सर्वसम्बत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा किशोर कुमार पाल, देवानगञ्ज-१, सुनसरीलाई विरामी उपचार खर्चको लागि जम्मा रकम रु. ५०,०००/- दिने सर्वसम्बत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिमका कर्मचारीहरु अर्को व्यवस्था नभए सम्म तत्काल ज्यालादारीमा नियुक्ति गर्ने सर्वसम्बत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | सब इन्जिनियर | २ |
| २ | कम्प्युटर अपरेटर | १ |
| ३ | इलेक्ट्रीसियन | १ |
| ४ | माली | १ |
| ५ | बगैंचे | १ |
| ६ | सरसफाई कर्मचारी | ७ |
| ७ | का.स. | १० |

प्रस्ताव नं. - ८मा भएको निर्णयमा सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा गाउँपालिका ~~भरिक~~ भरिमा अतिक्रमण भएका सार्वजनिक जग्गाहरु खाली गराउने भनि सूचना गर्नु पर्नेमा देवानगंज गा.पा. वडा नं. -२ देवानगंज बजारमा वर्षौं देखि बसोबास गरिरहेका केही व्यक्तिहरुलाई मात्र लक्षित गरि सार्वजनिक जग्गा खाली गराउने भनि भएको निर्णयमा मेरो सहमति छैन

वडाध्यक्ष पूर्णनारायण पाल